मिति : २०८३/०६/०५
**चालु आ.व.को बैठक संख्या : ०२**
**कुल बैठक संख्या : १४१**

आज मिति २०८३ आश्विन ०५, गते सोमबारका दिन, कैलारी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक, कैलारी गाउँपालिकाका अध्यक्ष श्री राज समझ चौधरीज्यूको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी तपशिल बमोजिमका बिषय बस्तु (एजेण्डा) मा छलफल गरियो।

**उपस्थिती :**

| क्र.स. | नाम थर : | पद : | दस्तखत |
|---|---|---|---|
| १. | श्री राज समझ चौधरी | गा.पा., अध्यक्ष | |
| २. | श्री भगवती कुमारी चौधरी | गा.पा., उपाध्यक्ष | |
| ३. | श्री धोज हरिपाल बोहरा | वडा अध्यक्ष, वडा नं. १ | |
| ४. | श्री विकास चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५. | श्री सन्त राम चौधरी | वडा अध्यक्ष, वडा नं.३ | |
| ६. | श्री ठागु राम चौधरी | वडा अध्यक्ष, वडा नं.४ | |
| ७. | श्री बिष्णु प्रसाद चौधरी | वडा अध्यक्ष, वडा नं.५ | |
| ८. | श्री प्रेम बहादुर चौधरी | वडा अध्यक्ष, वडा नं.६ | |
| ९. | श्री दिपेन्द्र बहादुर बम | वडा अध्यक्ष, वडा नं.७ | |
| १०. | श्री तारामल कठरिया | वडा अध्यक्ष, वडा नं.८ | |
| ११. | श्री खेम राज चौधरी | वडा अध्यक्ष, वडा नं.९ | |
| १२. | श्री सुनिला देवी चौधरी | कार्यपालिका सदस्य | |
| १३. | श्री सुन्दरी देवी चौधरी | कार्यपालिका सदस्य | |
| १४. | श्री जगमा चौधरी | कार्यपालिका सदस्य | |
| १५. | श्री मनी राम कुमाल | कार्यपालिका सदस्य | |
| १६. | श्री लाल बहादुर बि.क | कार्यपालिका सदस्य | |
| १७. | श्री दल बहादुर धामी | सदस्य सचिव | |

१८. श्री पुष्पा [illegible] - १८. वा. वडा [illegible] १
१९. श्री [illegible] चौधरी ,, ,, ,, २

**प्रस्ताव नं. १: १५ शैंया अस्पतालको संचालन तथा व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. १.१ :** कैलारी गाउँपालिकाको वडा नं. ५ स्थित कैलारी गाउँपालिका आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३, मा आवश्यक छलफल गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**निर्णय नं. १.२ :** कैलारी गाउँपालिकाको वडा नं. ५ स्थित कैलारी गाउँपालिका आधारभूत अस्पतालको सेवा प्रवाहलाई समयानुकुल व्यवस्थित रुपमा संचालन गर्नका लागि अत्यावश्यक भएका तपसिल बमोजिमका कर्मचारीहरु सेवा करारमा भर्ना गरी सेवा प्रवाह गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**तपशिल :**

| क्र.सं. | पद | सेवा | तह | माग संख्या |
|---|---|---|---|---|
| १ | स्टाप नर्स | जनरल नर्सिङ्ग सेवा | सहायक पाँचौ तह | १ |
| २ | फार्मेसी सहायक | फार्मेसी सेवा | सहायक पाँचौ तह | १ |
| ३ | रेडियो ग्राफर | रेडियोलोजी सेवा | सहायक पाँचौ तह | १ |

**निर्णय नं. १.३ :** कैलारी गाउँपालिकाको वडा नं. ५ स्थित कैलारी गाउँपालिका आधारभूत अस्पताल संचालनार्थ कैलारी गाउँपालिका आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन कार्यविधि, २०८३, को परिच्छेद २ को ३ (१) मा व्यवस्था भए अनुसार तपसिल बमोजिमका संचालक समिति गठन निर्णय सर्वसम्मतिबाट गरियो।

**तपशिल :**

१. अध्यक्ष : गाउँपालिका अध्यक्ष
२. उपाध्यक्ष : गाउँपालिका उपाध्यक्ष
३. सदस्य : गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत
४. सदस्य : सम्बन्धित वडा अध्यक्ष
५. सदस्य : स्वास्थ्य क्षेत्रमा योगदान पुर्याइएका १ जना महिला सहित २ जना अध्यक्षले मनोनित गरेको
६. सदस्य : सम्बन्धित वडाको भलमन्सा मध्येबाट १ जना सदस्य
७. सदस्य : स्वास्थ्य शाखा संयोजक
८. सदस्य सचिव : अस्पतालको कार्यालय प्रमुख

**निर्णय नं. १.४ :** कैलारी गाउँपालिकाको वडा नं. ५ स्थित कैलारी गाउँपालिका आधारभूत अस्पताललाई व्यवस्थित तथा दिगो रुपमा संचालनका साथै सर्वशुलभ रुपमा सेवा प्रदान गर्नका लागि अस्पतालवाट प्रदान गरिने सेवा सुविधाको दररेट निर्धारण गर्नका ७ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी तपसिल बमोजि समिति गठन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**तपशिल :**

१. संयोजक : श्री भगवती कुमारी चौधरी
२. सदस्य : श्री सन्तराम चौधरी
३. सदस्य : श्री विष्णु प्रसाद चौधरी
४. सदस्य : श्री स्वास्थ्य शाखा संयोजक
५. सदस्य सचिव : श्री बल बहादुर धानुक

**निर्णय नं. १.५ :** कैलारी गाउँपालिकाको वडा नं. ५ स्थित कैलारी गाउँपालिका आधारभूत अस्पताललाई स्वास्थ्य बिमा कार्यक्रममा सूचिकरणका लागि नेपाल सरकार स्वास्थ्य बिमा बोर्ड तथा स्वास्थ्य बिमा बोर्ड सुदूरपश्चिममा अनुरोध गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**निर्णय नं. १.६ :** कैलारी गाउँपालिकाको वडा नं. ५ स्थित कैलारी गाउँपालिका आधारभूत अस्पताल संचालन का लागि नेपाल सरकारवाट प्राप्त भएको बजेट रकम रु. ८०,००,०००/-(अस्सी लाख) निर्देशिका अनुसार विनियोजन गरी कार्यान्वन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

CamScanner

**निर्णय नं. १.७ :** कैलारी गाउँपालिकाको वडा नं. ५ मा पवेरा स्वास्थ्य चौकी र वडा नं. ५मा नै कैलारी गाउँपालिका आधारभूत अस्पताल संचालन भैरहेको हुँदा दुवै संस्थाबाट प्रदान गरिने अधिकांश सेवा समान प्रकृतिका हुने हुँदा दोहोरोपना हटाउनुका साथै आर्थिक मित्तव्ययीता कायम गर्नका लागि समेत दुइवटै संस्थाहरुलाई मर्ज (समायोजन) गर्न उपयुक्त हुने हुँदा कैलारी ५ पवेरा स्वास्थ्य चौकीलाई कैलारी आधारभूत अस्पतालमा मर्ज (समायोजन) गरी पवेरा स्वास्थ्य चौकीमा रहेको सम्पूर्ण कर्मचारीलाइ कैलारी आधारभूत अस्पतालमा खटाउने र पवेरा स्वास्थ्य चौकीमा रहेका सम्पूर्ण औजार र उपकरण कैलारी गाउँपालिका आधारभूत अस्पतालमा हस्तान्तरण गर्ने निर्णय गर्नुका साथै जनस्वास्थ्य कार्यक्रम (Preventive and promotive) सम्बन्धि सम्पूर्ण कार्यक्रम संयोजकको जिम्मेवारी जनस्वास्थ्य अधिकृत श्री खगेन्द्र बहादुर महरालाई दिने त्यसै गरी अस्पतालसंग सम्बन्धित सेवा र समन्वय संयोजकको जिम्मेवारी जनस्वास्थ्य अधिकृत श्री बल बहादुर धानुकलाई प्रदान गर्ने निर्णय समेत सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. २: रसुवा बाढीपिडित राहत सम्बन्धमा।**

**निर्णय नं. २ :** मिति २०८३ साल भाद्र १० गतेक दिन रसुवामा आएको बाढी परी बेपत्ता भएका यस कैलारी गाउँपालिका वडा नं. ३ का श्री विश्व राज चौधरी र कैलारी, ६ का श्री रोयल चौधरीको घर परिवारलाई प्रति परिवार रु. ५०,०००/- (पचास हजार) का दरले कैलारी गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विपद व्यवस्थापन कोषमा (विपद पुर्व तयारी,खोज उद्धार, राहत,तथा पुनर्स्थापना सम्मका कार्यक्रम) विनियोजन गरेको बजेटबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. ३: सहयोग सम्बन्धमा :**

**निर्णय नं. ३ :** कैलारी गाउँपालिकामा स्थानीय थारुहरुको पहिलो टिहुवार गुरही पर्वको संचालनका साथै सुदुर कर्णाली आइडलका सहभागीवाट प्रस्तावना तथा निवेदन पेश भएकोमा देहायका संस्था तथा व्यक्तिहरुलाई कैलारी गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत थारु समुदायको कला/साहित्य, संस्कृति संरक्षण तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन शिर्षकमा विनियोजन गरेको बजेट रकमबाट तपसिल बमोजिम रकम उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो।

**तपसिल :**

१. थारु महिला संजाल रु. ७,०००/- (सात हजार मात्र)
२. गोहिनके फाउन्डेशन रु. ७,०००/- (सात हजार मात्र)
३. श्री धर्म राज तिमिल्सिना, कैलारी २, रु. ७,०००/- (सात हजार मात्र)

**प्रस्ताव नं. ४ : हनुमान मन्दिर व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. ४ :** कैलारी गाउँपालिका वडा नं. ४ स्थित श्री हनुमान मन्दिर व्यवस्थापन समितिले मन्दिरमा पि फम र कार्पेटको उपलब्धता निवेदन पेश गरेकोमा छलफल गर्दा प्राविधिक लागत अनुमानको आधारमा हनुमान मन्दिरलाई पि फम, कार्पेट तथा छाज्जा (पाली) कैलारी गाउँपालिका को चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघ/प्रदेशका आयोजना, अन्य कार्यक्रम र बिभिन्न संघ संस्थाहरुको साझेदारी समपुरक कोष विनियोजन गरेको बजेट रकमबाट उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. ५ : (नेपाल रेडक्रस सोसाइटी) रक्त संचार केन्द्रसँग सम्झौता सम्बन्धमा।**

**निर्णय नं. ५ :** कैलारी गाँउपालिकाकाको नीति तथा कार्यक्रम अनुसार कैलारी गाउँपालिकाका नागरिकहरुलाई नि:शुल्क तथा सहज रुपमा रगतको उपलब्धताका लागि नेपाल रेडक्रस सोसाइटी कैलाली शाखासँग बार्षिक रु. ७,००,०००/- (सात लाख मात्र ) गाउँपालिकाबाट चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघ/प्रदेशका आयोजना, अन्य कार्यक्रम र बिभिन्न संघ संस्थाहरुको साझेदारी समपुरक कोषमा विनियोजन गरेको बजेट रकमबाट उपलब्ध गराउने गरी सम्झौता गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. ६ : बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धमा।**

**निर्णय नं. ६.१ :** कैलारी गाउँपालिकाले कैलारी गाउँपालिकाका वार्ड नं. ४ , ५ र ८ लाई बालमैत्री घोषणा गर्ने निर्णय गरेकोमा बालमैत्री स्थानीय शासन घोषणाका सूचकहरुमा स्वास्थ्य व्यवस्थापन समिति र विद्यालय व्यवस्थापन समितिमा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने सुचकमा उल्लेख भएको हुँदा स्वास्थ्य व्यवस्थापन समिति र विद्यालय व्यवस्थापन समितिमा बालबालिकाहरुलाई आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन विद्यालय तथा स्वास्थ्य संस्थाहरुलाई पत्राचार गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**निर्णय नं. ६.२ :** कैलारी गाउँपालिकाले कैलारी गाउँपालिकाका वार्ड नं. ४ , ५ र ८ लाई बालमैत्री घोषणा गर्न कैलारी गाउँपालिका स्तरिय गठन भएको पालिका स्तरीय बालमैत्री स्थानीय शासन समिति को गठन प्रकियालाई अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. ७ : फुटवल प्रशिक्षकका सम्बन्धमा।**

**निर्णय नं. ७ :** कैलारी गाउँपालिकाले कैलारी गाउँपालिका युवाहरुलाई खेलकुद का माध्यमबाट मानसिक तथा शारीरिक क्षमता विकास गर्नुका साथै कैलारी गाउँपालिकाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने गाउँपालिकाको नीति अनुसार कैलारी गाउँपालिका वडा नं. ३ निवासी फुटवल प्रशिक्षक श्री भिख राम चौधरीले २०८३ श्रावण महिना देखि नै नियमित रुपमा प्रशिक्षण गराउदै आउनु भएको हुँदा निजलाई २०८३ श्रावण देखि लागु हुने गरी २०८४ असाढ मसान्त सम्मका लागि बार्षिक रु. २,२५,०००/- (दुई लाख पच्चीस हजार मात्र), मासिक रु. १८,७५०-/(अठार हजार सात सय पचास)-दैनिक ज्यालादारी/ डोर हाजिरीमा उपलब्ध गराउने गरी चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अध्यक्ष कप रनिंग शिल्ड / खेलकुद कार्यक्रममा विनियोजन गरेको बजेट रकमबाट उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. ८: विद्यालय भवन निर्माण सम्बन्धमा।**

**निर्णय नं. ८ :** कैलारी गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम स्वीकृत सशर्त शिर्षकको स्वीकृत गुरु योजनाका आधारमा साझेदारीमा विद्यालय पूर्वाधार शिर्षकमा प्राप्त भएको बजेट रकमबाट कैलारी गाउँपालिका वडा नं. ५ स्थित श्री जन कल्याण माध्यमिक विद्यालयको भवन निर्माणका लागि छनौट गर्नुका साथै उक्त कार्यक्रम (योजना) कार्यान्वनमा कैलारी गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघ/प्रदेशका आयोजना, अन्य कार्यक्रम र बिभिन्न संघ संस्थाहरुको साझेदारी समपुरक कोषमा विनियोजन गरेको बजेट रकमबाट नियमानुसार लागत साझेदारी गर्ने निर्णय समेत सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. ९: कार्यविधि तथा योजना अनुमोदन सम्बन्धमा।**

**निर्णय नं. ९ :** कैलारी गाउँपालिकाकामा हुने विपद जन्य घटनाको न्यूनीकरणका साथै विपद व्यवस्थापन प्रकियालाई सहज तथा व्यवस्थित बनाई सर्वसुलभ रुपमा विपद व्यवस्थापनका क्रियाकलाप संचालन गर्नका लागि तपसिल बमोजिमका योजनाहरुलाई आवश्यक संसोधन सहित अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**तपसिल :**

१. कैलारी गाउँपालिकाको विपद जोखिम सन्देश संचार योजना, २०८३
२. कैलारी गाउँपालिकाको तातो हावाको लहर "लू" कार्ययोजना, २०८३

**प्रस्ताव नं. १०: उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि सम्बन्धमा।**

**निर्णय नं. १० :** कैलारी गाउँपालिकाको विकास प्रकियालाई व्यवस्थित, समय सापेक्ष तथा पारदर्शि रुपमा संचालन गरी गुणस्तरीय तथा नागरिक मैत्री विकास प्रक्रियालाई संस्थागत गर्नका लागि कैलारी गाउँपालिकाले तयार गरेको कैलारी गाउँपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८३ लाई आवश्यक संशोधन सहित अनुमोदन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

CamScanner

**प्रस्ताव नं. ११: स्कूल वास कार्यक्रम संचालनका लागि विद्यालय छनौट सम्बन्धमा।**

**निर्णय नं. ११:** युनिसेफ नेपालको आर्थीक र कैलारी गाउँपालिकाको प्राविधिक सहयोगमा संचालन हुने स्कूल वास कार्यक्रम संचालनका लागि हरित विद्यालय (Green School) अवधारणा अबलम्बन गरेका १५ विद्यालयहरु मध्ये आवश्यकताका आधारमा तपसिल बमोजिमका विद्यालयहरुलाई प्राथमिकताका आधारमा छनौट गरी कार्यक्रम कार्यान्वन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**तपसिल :**

१. श्री जनता प्रावि , कैलारी -९ सामरचौरा
२. श्री मनकामना प्रावि ,कैलारी -५ मनिकापुर
३. श्री कालिका प्रावि ,कैलारी – ३ टिसिएन
४. श्री राष्ट्रिय मावि, कैलारी -७ भुइयाफाँटा

**प्रस्ताव नं. १२: ल्यान्ड फिल्ड साइट संचालनका लागि स्थान छनौट सम्बन्धमा।**

**निर्णय नं. १२:** कैलारी गाउँपालिका भित्र उत्पादन हुने फोहोरमैलाको उचित व्यवस्थापन गरी वातावरणमैत्री स्थानीय शासन लाई प्रवर्द्धन गर्न स्यानीटरी ल्यान्डफिल्ड ,डम्पिगं साईट स्थापनाका लागि कैलारी गाउँपालिका वडा नं. ३ को कमल पोखरी सामुदायिक वनलाई छनौट गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. १३: गहिरो धारा (नल्का) जडान सामग्री वितरण सम्बन्धमा।**

**निर्णय नं. १३:** कैलारी गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत खानेपानी सरसफाई तथा स्वच्छता शिर्षकको खानेपानी नल्का जडान,सामाग्री खरिद,वितरण तथा निर्माणका लागि विनियोजन गरेको बजेटबाट स्वीकृत लागत अनुमान अनुसार १८० फिट सम्मको HDPE पाइप,मेसिन (नल्का) तथा अन्य जडान सामग्रीहरु खरिद गरी खरिद गरिएका सामग्रीहरु वडा कार्यालयबाट छनौट गरी सिफारिस भइ आएका व्यक्ति/उपभोक्ताले पाउने गरी प्रति वडा ९ वटा नल्काका दरले वितरण गर्ने बाँकी १९ वटा नल्का आवश्यकता अनुसार पालिकाबाट वितरण गर्ने र औषतमा १८० फिट सम्म HDPE पाइप उपलब्ध गराउने र सो भन्दा बढी पाइप आवश्यक भएमा बढी पाइप र नल्का निर्माणको क्रममा लाग्ने दक्ष कामदार, अदक्ष कामदारको खर्चका साथै फर्स निर्माणमा लाग्ने खर्च सम्बन्धित व्यक्ति/उपभोक्ताले व्यहोर्ने गरी उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. १४: काँडेतार खरिद सम्बन्धमा।**

**निर्णय नं. १४:** कैलारीगाउँपालिकाका अधिकांश नागरिक कृषि व्यवसायमा आवद्ध कृषक भएकोमा कृषकले लगाएको बालीनालीको सामुदायिक पशु चौपाया तथा जंगली जनावरले व्यापक रुपमा वालिनालिको नोक्सानी गर्ने भएको हुँदा सोको रोकथाम तथा नियन्त्रण गर्न अत्यावश्यक भएको हुँदा कैलारी गा.पा .को चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वन वातावरण तथा विपद व्यवस्थापनको विपद व्यवस्थापन कोषमा (विपद पुर्व तयारी,खोज उद्धार, राहत,तथा पुनर्स्थापना सम्मका कार्यक्रम)विनियोजन गरेको रकमबाट १ सय ५० क्विन्टल, १० गेजको काँडेतार खरिद गर्ने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. १५: मोहनपुर गाउँलाई सहयोग सम्बन्धमा।**

**निर्णय नं. १५:** कैलारीगाउँपालिकाको वडा नं. ३ स्थितको सीमाको मोहनपुर गाउँलाई सामुदायिक पशुका तथा जङ्गली जनावरबाट हुने हानी नोक्सानीवाट जोगाउनका लागि स्थानीय नागरिकले आफ्नै स्व:पहलमा घेरावार योजना कार्यान्वन गरी रहेकोमा उक्त योजना कार्यान्वनमा लाग्ने काडेतार, सिमेन्ट खरिद तथा पोल निर्माणका लागि कैलारी गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत वन वातावरण तथा विपद व्यवस्थापनको विपद व्यवस्थापन कोषमा (विपद पुर्व तयारी,खोज उद्धार, राहत,तथा पुनर्स्थापना सम्मका कार्यक्रम) विनियोजन गरेको रकमबाट रु. ३०,०००/-(तिस हजार मात्र) उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो।

CamScanner

**प्रस्ताव नं. १६: कैलारी युथस युनाईटेड क्लबलाई सहयोग सम्बन्धमा।**

**निर्णय नं. १६:** कैलारी युथस युनाईटेड क्लबले खेलकुद कार्यक्रममा सहयोगका सम्बन्धमा पेश गरेको निवेदन माथि छलफल गर्दा उक्त क्लबलाई कैलारी गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत अध्यक्ष कप रनिगशिल्ड/खेलकुद कार्यक्रममा विनियोजन गरिएको रकमबाट रु. १०,०००/- (दश हजार मात्र) उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. १७: कावर (बोलबम) कार्यक्रममा सहयोग सम्बन्धमा।**

**निर्णय नं. १७:** कैलारी गाउँपालिकाबाट कावर (बोलबम) कार्यक्रमका सहभागीहरुलाई कैलारी गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत थारु समुदायको कला/साहित्य, संस्कृति संरक्षण तथा प्रवर्द्धनात्मक कार्यक्रम संचालन शिर्षकमा बिनियोजन गरिएको बजेट रकमबाट रु. ५०,०००/-(पचास हजार मात्र) उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. १८: नगहर कार्यक्रममा सहयोग सम्बन्धमा।**

**निर्णय नं. १८:** कैलारी गाउँपालिकाका नागरिकले परम्परागत गत रुपमा पालना गर्दै आएको स्थानीय नागहर परम्परा अनुसारका गतिविधिहरु संचालनका लागि नगहर गूरुवा बैदवा समाज तथा गुरुवा समाज सेवा समितिले पेश गरेको निवेदन माथि छलफल गर्दा तपसिल बमोजिमका नगहर गुरुवा बैदावा समाज तथा गुरुवा समाज सेवा समितिलाई कैलारी गाउँपालिकाको चालु आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत स्थानीय थारु समुदायको कला साहित्य, संस्कृति संरक्षण शिर्षकवाट तपसिल अनुसार उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो।

**तपसिल :**

१. गुरुवा समाज सेवा समिति, कैलारी – ८, लोहरपुर रु. १५,०००/- (पन्ध्र हजार मात्र)

२. नगहर गुरुवा बैदवा समाज, कैलारी – ६, बनकट्टा रु. १०,०००/- (दश हजार मात्र)

**प्रस्ताव नं. १९: कार्यालय सहयोगी व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. १९:** कैलारी गाउँपालिकाबाट प्रवाह गरिने सेवा प्रवाहलाई समय सापेक्ष रुपमा दुस्त चुस्त तथा व्यवस्थित बनाउन का लागि कैलारी गाउँपालिकामा कार्यालय सहयोगीको आवश्यकता भएको हुँदा कैलारी गाउँपालिका वडा नं. ५ का श्री शान्ता चौधरीलाई २०८३ आश्विन १५ गते देखि लागु हुने गरी मासिक रु.१५,०००/- (पन्ध्र हजार मात्र) नबढने गरी पारिश्रमिक उपलव्ध गराउने गरी दैनिक ज्यालादारी/डोर हाजिरीमा कामकाजमा लगाउने निर्णय सर्वसम्मतिबाट गरियो।

**प्रस्ताव नं. २०: कैलारी आधारभूत अस्पतालमा स्वीपर व्यवस्थापन सम्बन्धमा।**

**निर्णय नं. २०:** कैलारी गाउँपालिका वडा नं. ५ मा रहेको कैलारी आधारभूत अस्पतालवाट स्वास्थ्य सम्बन्धि सेवा नियमित रुपमा प्रवाह हुदै आएकोमा अस्पतालका अत्यावश्यक जनशक्तिको रुपमा रहेको स्वीपरको कार्य कैलारी गाउँपालिका वडा नं. ५ का श्री सिमा चौधरीले २०८३ भाद्र ०१ गते देखि नै नियमित रुपमा कामकाज गरी रहेको हुँदा निज सिमा चौधरीलाई २०८३ भाद्र ०१ गते देखि लागु हुने गरी मासिक रु. १५,०००/- (पन्ध्र हजार मात्र) नबढने गरी पारिश्रमिक उपलव्ध गराउने गरी दैनिक ज्यालादारी/ डोरहाजिरीमा कामकाजमा लगाउने निर्णय सर्वसम्मतिबाट गरियो।

CamScanner